मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : १४५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत २९ गते मंगलबार (Tuesday, April 12. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## गोलीसहित पक्राउ

**काठमाडौं, चैत २८।** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १ राउण्ड गोली सहित तनहुँ भानु नगरपालिका-७ वतन भएकी २७ वर्षीया सोबिता नेपालीलाई प्रहरीले पक्राउ गरेको छ ।

नेपाल एयरलाईनसको उडानद्वारा काठमाडौबाट जापानको नारिता जान लागेकी उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनको झोलामा उक्त गोली फेला पारी उनलाई पक्राउ गरेको हो ।




सत्ता साझेदार दलको संयुक्त अपिल

# मतभेद पन्छाउँदै सहयोग गर्ने प्रण

**झापा, चैत २८।** पाँच दलीय सत्ता साझेदार गठबन्धनले आपसी मतभेद पन्छाउँदै आसन्न स्थानीय तहको निर्वाचनमा एक-अर्कालाई निरन्तर सहयोग गर्ने प्रण गरेका छन् ।

गठबन्धनका शीर्ष नेताहरुले सोमवार संयुक्त अपिल जारी गर्दै चुनावी तालमेल मिलाएर आपसी सहकार्य र परस्पर सहयोगको भावनाले अगाडि बढ्न पाँच दलका सम्पूर्ण नेता कार्यकर्तालाई आह्वान गरेका छन् ।

उनीहरुले व्यापक सहभागितामा आगामी स्थानीय तहको निर्वाचन सफल पार्न गठबन्धनका उम्मेदवारलाई मत दिई विजयी बनाउनसमेत अनुरोध गरेका छन् ।

शीर्ष नेताहरुले परिवर्तन विरोधी र प्रतिगामी दुराशयबाट देश र लोकतन्त्रलाई जोगाउन पाँच दलीय गठबन्धन बनेको उल्लेख गर्दै यो ऐक्यबद्धता नेपालमा लोकतन्त्र र लोकतन्त्रका मूल्य मान्यतामा आधारित समाजवादको रक्षा गर्दै नेपालको स्वाधीनता, नेपाली जनताको स्वतन्त्रता र उन्नतिका लागि स्थानीय बासिन्दाको कठिनाइ हटाउँदै तिनका आवश्यकता पूर्ति गर्न आगामी स्थानीय निर्वाचनमा तालमेल गरेर अगाडि बढ्ने घोषणा गरे ।

अपिलमा प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा ( एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनाल, जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोककुमार राई र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका छन् ।

## श्रीमानको हत्या गर्ने थुमा र श्रीमतीको हत्या गर्ने पोष्टराज प्रहरी नियन्त्रणमा

**कैलाली, चैत २८।** श्रीमानको हत्या गरेर एक महिला प्रहरी समक्ष पुगेकी छिन् ।

घटना हो कैलालीको । कैलालीमा घरायसी विवादका क्रममा मोहन्याल गाउँपालिका-१की ३२ वर्षीया थुमा थापा मगरले ४३ वर्षीय श्रीमान नारायण थापामगरको हत्या गरेर प्रहरी समक्ष आफैं आत्मसमर्पण गरेकी हुन् ।

उनले हँसियाले हानेर श्रीमानको हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रकाश जोशीले जानकारी दिए ।

'सोमबार बिहान इलाका प्रहरी कार्यालय पण्डौनमा मैले श्रीमानको हत्या गरेँ भन्दै थुमा स्वयम् उपस्थित भएपछि घटनाबारे थाहा भएको हो'- डीएसपी जोशीले भने- 'घटनाको अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय लम्कीबाट प्रहरी निरीक्षक लोकेन्द्र गुरुङको नेतृत्वमा टोली गएको थियो ।'

थुमाले प्रहरीलाई बताए अनुसार विगतदेखि नै उनीहरुबीच विवाद हुने गरेको थियो । घटनाको थप विवरण अनुसन्धानबाट मात्र खुल्ने प्रहरी नायव उपरीक्षक जोशीले बताए ।

यता आफ्नै श्रीमती ३८ वर्षीया नानुमाया दाहालको हत्या गरेको अभियोगमा कटारी नगरपालिका-५ सिसाघारी बस्ने ४२ वर्षीय पोष्टराज दाहाललाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

पोष्टराजले बसिरहेको अवस्थामा चिर्पटले प्रहार गर्दा नानुमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## 'अर्थतन्त्रमा संकट छैन, अनावश्यक हल्ला नगरौं'

**झापा, चैत २८।** अर्थमन्त्री जनार्दन शर्माले मुलुकको अर्थतन्त्रमा कुनै पनि सङ्कट नआएको बताएका छन् । अर्थमन्त्रीले भने- हालसम्म उपलब्ध विवरणका आधारमा पनि अर्थतन्त्रमा ठूलो सङ्कट आएको छैन ।

अर्थ मन्त्रालयमा सोमवार आयोजित पत्रकार सम्मेलनमा उनले अर्थतन्त्रलाई नियमित गतिमा चल्न दिनुपर्ने बताए । उनले व्यवसायी र जनतालाई हतोत्साही बनाउने गरी प्रचार भइरहेको भन्दै त्यस्तो नगर्न आग्रह गरे ।

अर्थतन्त्रलाई नियमित बनाउन सरकार सतर्क भएर लागीपरेको उनको भनाइ छ । मुलुकको पछिल्लो आर्थिक अवस्थाबारे जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलनको आयोजना गरिएको अर्थसचिव मधुकुमार मरासिनीले जानकारी दिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## तलब माग्दै तालाबन्दी

**बिर्तामोड, चैत २८।** विराट आधारभूत विद्यालयका शिक्षकले नै विद्यालय प्रशासनमा तालाबन्दी गरेका छन् ।

विद्यालयमा कार्यरत आया र १९ जना शिक्षकहरुले तलब नपाएको भन्दै बिद्यालय प्रशासनमा तालाबन्दी गरेका हुन् । सोमवार शिक्षकसहित अभिभावकहरु समेत विद्यालय पुगेर लेखा परीक्षण रिपोर्ट समेत सार्वजनिक गरिनुपर्ने माग राखेका छन् ।

विद्यालयले २०७६/०७७ र २०७७/०७८ को लेखा परीक्षण रिपोर्ट तयार नगरेको बताइएको छ । विद्यालयका प्रधानाध्यापक वद्री बास्कोटाले विद्यालयमा अनियमितता गरेको समेत आरोप लागेको छ ।

बिर्तामोड-१०स्थित विराट आधारभूत विद्यालयका शिक्षकहरुमध्ये आयाले माघदेखिको र १९ जना शिक्षक कर्मचारीहरुले फागुनदेखि तलब नपाएको बताएका छन् । तलबविहीन शिक्षक कर्मचारीहरुले तालाबन्दी गर्नुअघि चैत २० गते विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय प्रशासन, वडा कार्यालय र नगर शिक्षा शाखालाई आफ्नो समस्याबारे जानकारी गराउँदै ध्यानाकर्षणपत्र बुझाएका थिए ।

तर, आफूहरुको समस्याप्रति कोही पनि गम्भीर नभएपछि तालाबन्दी गर्नुपरेको शिक्षक रंगलाल न्यौपानेले बताए । उनले तालाबन्दी गर्दा समेत सुनुवाई नभए आज मंगलवारदेखि पठनपाठन ठप्प पार्ने र आगामी बैशाख ४ गतेदेखि हुन लागेको वार्षिक परीक्षा पनि सञ्चालन नगर्ने चेतावनी दिएका छन् । कक्षा ८ सम्म पढाइ हुने सो विद्यालयमा करिव ३ सय विद्यार्थी अध्ययनरत् छन् ।

प्रधानाध्यापक बाँस्कोटाले विगत दुई वर्षदेखिको विद्यालयको लेखा परीक्षण र सामाजिक परीक्षणको रिपोर्ट नबुझाउँदा र नगर शिक्षा शाखाले सोधेको स्पष्टीकरणको जवाफ नदिँदा शाखाले सम्पूर्ण शिक्षकको तलब रोक्का गरेको हो ।

आफूहरुले अघिल्लो महिनाको १५ गते नै प्रधानाध्यापकलाई लेखा र सामाजिक

*(बाँकी अन्तिम पृष्ठमा)*

## तार छुँदा...

**खोटाङ, चैत्र २८।** खोटाङ दिप्रुङ चुईचुम्मा गाउँपालिका-७मा विद्युत्को नाङ्गो तारमा छुँदा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

उदयपुरबाट खोटाङको दिलैची

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र**

**अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

"Shine with *Life*, Learn with *Love*, Grow with *God*"

**हार्दिक बधाई तथा शुभकामना**

झापा जिल्ला स्तरीय प्रथम मेयर कप अन्तरपालिका कराते प्रतियोगितामा यस विद्यालयकी कक्षा ७ मा अध्ययनरत् छात्रा **नुमा लिम्बूले** ३५ केजी तौल समूहमा बिर्तामोड नगरपालिकाको प्रतिनिधित्व गर्दै तेस्रो स्थान हासिल गर्न सफल हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गदर्छौं ।

साथै यस विद्यालयका मार्सल आर्ट प्रशिक्षक सर सुरज धिमालका साथै सहयोग र शुभेक्षा प्रदान गर्नुहुने सम्पूर्ण अभिभावक वर्गमा हार्दिक आभार प्रकट गर्दछौं ।



**चिल्ड्रेन इन्भारोमेन्ट स्कुल**

बिर्तामोड-१, झापा

Ncell

HomeNet Wirefree+

२०% सम्म छुट तथा Data खेर नजाने सुविधाका साथै

अझै सुलभ दरमा ९० दिन र १ वर्षको Plans




| प्याकेज | HomeNet Super | | | HomeNet Max | | |
|---|---|---|---|---|---|---|
| Plans | मासिक | ९० दिन | वार्षिक | मासिक | ९० दिन | वार्षिक |
| Data Volume (GB) | ४०+४० GB प्रति महिना | ४०+४० GB प्रति महिना | ४०+४० GB प्रति महिना | ६०+६० GB प्रति महिना | ६०+६० GB प्रति महिना | ६०+६० GB प्रति महिना |
| छुट | - | ६% | २०% | - | ६% | २०% |
| शुल्क (कर सहित) | रु. ७०० | रु. १९७० | रु. ६७२० | रु. ९०० | रु. २५३० | रु. ८६४० |

एनसेल नेटवर्क 9008

अन्य नेटवर्क 9809008000

## पत्रकार उमाकान्तलाई मातृशोक



**झापा, चैत २८।** नेपाल पत्रकार महासंघ झापाका सदस्य उमाकान्त खनाललाई मातृशोक परेको छ।

बीबीसी नेपाली सेवा र देशसञ्चार अनलाइनका संवाददाता तथा सूर्योदय टेलिभिजनका प्रधान सम्पादक उमाकान्त खनाललाई मातृशोक परेको हो। खनालकी आमा सरस्वतीको ६५ वर्षको उमेरमा सोमवार बिहान ६:३० बजे निधन भएको हो। लामो समयदेखि मधुमेह, थाइराइड, मुटु र मृगौला रोगबाट पीडित सरस्वतीको बुद्धशान्ति-२स्थित आफ्नै निवासमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

२०१४ साल फागुन ९ गते तेह्रथुमको फूलबारीमा जन्मिएकी दिवंगत सरस्वतीका श्रीमान झरेन्द्र, एक छोरा उमाकान्त, दुई छोरी मेनुका निरौला र नर्वदा पोखरेल, चार जना नातिनी र दुई जना नाति रहेका छन्। दिवंगत सरस्वतीका छोरा उमाकान्त लामो समयदेखि पत्रकारितामा क्रियाशील रहेका छन्।

यसैबीच नेपाल पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीले एक विज्ञप्ति जारी गर्दै महासंघ सदस्य खनालकी माताको निधनप्रति दुःख व्यक्त गरेका छन्। उनले दिवंगतको आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा शोक सहन गर्ने क्षमता प्राप्त होस् भन्ने कामनासहित समवेदना व्यक्त गरेका छन्। पारिवारिक श्रोतका अनुसार खनालको पार्थिव शरीर कन्काईमा अन्त्येष्टि गरिएको थियो।

## ट्रकको ठक्करबाट मृत्यु

**झापा, चैत २८।** झापाको बिर्तामोड नगरपालिका-२ स्थित रामचोकमा ट्रकको ठक्करबाट एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा बिर्तामोड-२का २९ वर्षीय संयम बजगाँई रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त पाठकले जानकारी दिए। पूर्व-पश्चिम राजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना ६ ख ६४५५ नम्बरको ट्रकले विपरीत दिशाबाट जाँदै गरेको बा१५प ८२०२ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। दुर्घटनामा मोटरसाइकल चालक बजगाँई गम्भीर घाइते भएका थिए। घाइतेको बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचारको क्रममा निधन भएको थियो।

मोटरसाइकल र ट्रक इलाका प्रहरी कार्यालय अनारमनीको नियन्त्रणमा रहेको छ भने ट्रक चालक फरार भएकाले खोजी भइरहेको प्रहरीले जनाएको छ।

# पूर्वाधारपछि पुनर्जीवनतिर कुम्मायक

**पाँचथर, चैत २८।** बर्षेनि वर्षा कम हुँदै जाँदा वि.सं. २०६५ पछि यासोक, स्याबरुम्बा र रानीगाउँ गाविसमा खानेपानीको हाहाकार हुन थाल्यो। पिउने पानीसमेत घण्टौं लगाएर बोक्नुपर्ने भएपछि अन्नबाली उत्पादन र पशुपालन झन कठिन हुँदै गयो।

खानेपानीका मुहान सुकेको र वर्षासमेत निकै कम हुन थालेपछि जिल्लाको पश्चिम-दक्षिण क्षेत्रमा पर्ने ती गाविसलाई सरकारले वि.सं. २०६८मा सुख्खाग्रस्त क्षेत्र घोषणा गऱ्यो। खानेपानी अभावपछि स्थानीयवासीको दिनचर्या कष्टकर त भयो नै, जीविकोपार्जनका माध्यम सीमित हुँदै जाँदा गरिबी, बेरोजगारी र खाद्यान्न अभाव हुन थाल्यो।

निकै समय लगाएर गाग्रीमा पानी बोकेर ल्याई पिउनुपर्ने र वैदेशिक रोजगारीमा गएका आफन्त वा अन्य रोजगारी गर्ने परिवारका सदस्यको कमाइका भरमा जीवन गुजार्नुपर्ने बाध्यता कतिपय स्थानीयवासीलाई आइपऱ्यो। परिणामतः अन्यत्र बसाइँ सरेर गई जीविका चलाउन सक्नेहरूले आफ्नो थातथलो छाडे। घरहरू खाली हुँदै जाँदा गाउँबस्ती सुनसान हुन थाले। बसाइँ सर्न नसक्ने र खानेपानी अभावको समस्या सामान्य रहेका ठाउँका स्थानीयवासी भने पुराना दिन फर्किने आशामा बाँचिरहे।

सुन्दा चलचित्रको कथाजस्तो लागे पनि यो कुम्मायक गाउँपालिकाका बासिन्दाको बिर्सनलायक विगतको यथार्थ हो। समय क्रमसँगै अप्ठ्यारामै जिउन धेरैको बानी पऱ्यो। ट्र्याक्टरमा प्लास्टिकका ट्यांकीमा पानी ल्याई पिउने र प्लास्टिक पोखरीमा वर्षात्को पानी जम्मा गरी गाईवस्तुलाई दिने गर्न थालियो।

खानेपानीको चरम अभाव भएका ती स्थानमा सम्भव हुने मुहान कहीं कतै थिएनन्। वर्षा कम हुँदा पुराना मुहानमा पानी रसाउने सम्भावना पनि थिएन। सबैमा खानेपानीको हाहाकार अनन्त पो होला कि भन्ने डर थियो। वि.सं. २०७० पछि भने तमोर नदीको पानी विद्युतीय पम्पिङमार्फत ती स्थानमा वितरण गर्न सकिने भनी चर्चा हुन थाल्यो। पम्पिङ खानेपानी आयोजना निर्माणका लागि निरीक्षण र सर्भेका काम हुन थाले। तमोरको पानी डाँडामाथि ल्याई वितरण गर्न सम्भव हुनेमा धेरै स्थानीयवासी विश्वस्त थिएनन्।

खानेपानीको चरम अभाव भएकै क्षेत्र रानीगाउँका डम्बरसिंह सम्बाहाम्फे यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्य तथा संविधानसभा सदस्य हुँदै राज्यमन्त्रीसम्म बनेका थिए। गाउँको समस्या सिंहदरबारमा पुऱ्याउने, सुनाउने र घच्घच्याउने बलियो माध्यम तिनै भएकाले स्थानीयवासी धेरै हदसम्म आशावादी थिए। यहाँका अगुवाले सिंहदरबारमा मन्त्रालयका ढोका दर्जनौं पटक ढक्ढक्याएपछि सरकार पनि समस्या अनुभूत गर्न तयार भयो।

समय क्रमसँगै पम्पिङ खानेपानी निर्माणको सुरुआत भयो। सुख्खापनले प्रभावित तीन गाविस तथा माङ्जाबुङ गाविस समेत समेटिएको कुम्मायक गाउँपालिका बन्यो। गाउँपालिकाले ट्याङ्करमा पानी ल्याई शुलभ दरमा वितरण गर्न थाल्यो। यसरी ल्याइएको पानी घर-घरमा वितरण सम्भव नभए पनि यासोक बजारसहित मुख्य ठाउँसम्म पुग्यो। खानेपानीको चरम अभाव समाधान गर्न ट्याङ्करको सहायताले खानेपानी वितरण गर्ने कार्यले पनि नागरिकलाई ठूलो राहत दियो- गाउँपालिकाका अध्यक्ष जयबहादुर चेम्जोङले सम्झिए।

लगत्तै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भयो। स.घ र प्रदेशमा सरकार बने। सुख्खाग्रस्त क्षेत्रसम्म कालोपत्रे सडक विस्तार गर्न संघ र प्रदेश सरकारले बजेट छुट्याए। यहाँका धेरै बासिन्दाले कल्पना नै नगरेको 'तमोर कोरिडोर' सडक निर्माणको चर्चा शुरु भयो। वि.सं. २०७५ देखि तमोरको किनारैकिनार दुई लेनको सडकका लागि साधारण मार्ग खोल्ने काम भयो।

**सडकले बदल्यो जीवनशैली**

कुम्मायक-५ स्याबरुम्बाकी मञ्जु आचार्यले विद्यालय, स्वास्थ्यचौकी र सानो बजारसमेत रहेको पिपलबोटे चोक छाडेर अहिले सोही वडाको झुल्के भन्ने ठाउँमा नयाँ घर बनाएकी छिन्। तमोर कोरिडोर सडक निर्माण शुरु भएपछि आचार्यले झुल्केमा जग्गा खरिद गरेकी थिइन्। तीन वर्षअघि रु. दुई लाखमा एक रोपनी जग्गा खरिद गरी करिब रु. २० लाखमा उनले दुईतले घर निर्माण गरिसकेकी छिन्। अहिले जग्गाको दाम मैले खरिद गरेको समयभन्दा ठ्याक्कै दोब्बर भएको छ- आचार्यले भनिन्- घर बनाउने क्रम क्रमशः बढ्दै गएको छ।


उत्तर-दक्षिण सडकका रुपमा छिमेकी मुलुक भारत र चीनलाई जोड्ने तमोर कोरिडोर सडकका आसपासमा नयाँ संरचना निर्माणका लागि यहाँ जग्गा खरिद गर्ने लहर नै चलेको छ। यहाँ सामान्य रुपमा व्यवसाय चल्न थालेको छ। सानो किराना पसलबाट व्यवसाय थालेका छौँ। अरूले पनि साधारण पसल खोल्न थालेका छन्- आचार्यले भनिन्।

स्थानीयवासीका अनुसार झुल्के क्षेत्रमा मात्रै अहिलेसम्म ३० रोपनी जमिन खरिदबिक्री भइसकेको छ। सडकका दायाँबायाँका अधिकांश जग्गा बिक्री भएका छन्। रोचक त के छ भने यहाँ एक व्यक्तिले पाँच वर्षअघि ४० रोपनी जमिन रु ६० हजारमा खरिद गरेका थिए। खानेपानी, विद्युत्, सडकलगायत कुनै पूर्वाधार नहुँदा जति मूल्य पाए पनि मानिसले जग्गा बिक्री गर्थे। अहिले त्यो जमिन रु. ४० लाखभन्दा बढी मूल्यमा बिक्री हुने अवस्थामा पुगेको छ। सानोतिनो व्यवसायसमेत चल्न थालेपछि स्थानीयवासीले तमोर कोरिडोर सडक तत्कालै कालोपत्रे गर्नुपर्नेमा जोड दिन दिइरहेका छन्। तमोर कोरिडोरको निर्माण सुरुआत भएपछि सडक विस्तार गर्नेसम्मका काम तीव्र गतिमा भए- झुल्केकै पदमबहादुर कार्कीले भन्ने- कालोपत्रेको काम अविलम्ब थालियोस् भन्ने हाम्रो चाहना हो।

ट्र्याक खुल्नेबित्तिकै सवारी साधन पनि गुड्न थाले। गत असोजसम्म सुनसरीको धरान तथा झापाको दमकका लागि पाँचथर र ताप्लेजुङबाट यात्रुबाहक बस र ट्याक्सी छुट्थे। बेमौसमी वर्षाका कारण भने हिलिहाङ-५ सुभाङमा कोरिडोरअन्तर्गतको सडक बगेकाले कुम्मायकको यासोक र तुम्बेवाको मौवाबाट मात्रै कोरिडोर हुँदै सवारी सञ्चालन हुँदै आएका छन्। एक दशकअघिसम्म यहाँ एक्लै हिँड्न डरमर्दो हुन्थ्यो। बस्ती पातलिँदै थियो- कुम्मायक-५ का पूर्णबहादुर थापाले भने- अहिले हाम्रो गाउँ पनि बजार जस्तै बन्ला कि भन्ने लाग्न थालेको छ। पूर्वाधार निर्माणले जनजीवन सहज हुनाका साथै सेवा प्राप्त गर्न सहज भए पनि स्थानीयवासीमा खुशी छाउन थालेको छ।

पहिले हेरी धेरै सुविधा थपिएका छन्। बाटाले यो ठाउँ नै फेरिएको छ- आचार्यले भने- पहिले जङ्गल घारी रहेका ठाउँमा अहिले १० मिटर चौडा बाटो बनेको छ। पहिले के हुन्छ होला र भन्ने लागेको थियो। यति छिटो भाउ बढ्ला भन्ने मलाई नै लागेको थिएन। सडक बने पनि खानेपानी आयोजना सम्पन्न नभएको भए अहिलेको अवस्था नआउने उनको भनाइ छ।

## शिक्षासेवी दाहालको निधन



**झापा, चैत २८।** शिक्षासेवी लक्ष्मीप्रसाद दाहालको ६९ वर्षको उमेरमा निधन भएको छ।

बाह्रदशी गाउँपालिका-३ राजगढ निवासी दाहाल पशुपति माध्यमिक विद्यालयका पूर्वशिक्षक हुन्। लामो समयसम्म शिक्षण पेशामा आवद्ध दाहाल नेपाल शिक्षक संगठनका पूर्व केन्द्रीय सदस्य थिए।

नेपाल शिक्षक संगठनका सल्लाहकार सदस्य समेत रहेका दाहाल यसअघि शिक्षक संगठनको जिल्ला कमिटी उपसभापति हुँदै अञ्चल समिति सदस्य, केन्द्रीय परिषद् सदस्य भएका थिए। उनी नेकपा एमाले झापाको पूर्व जिल्ला जिल्ला कमिटी सदस्य समेत हुन्।

इतिहासका जानकार समेत रहेका दाहाल मधुमेह रोगबाट केही समय अघिदेखि पीडित थिए। उनको मेची अञ्चल अस्पताल भद्रपुरमा डायलासिस भइरहेको थियो। ढुण्डीराज दाहालको पुत्ररत्नका रुपमा २००९ साल भदौ २३ गते जन्मिएका दाहालले तत्कालीन राजगढ गाविसमा रहेका दक्षिणी क्षेत्रको शैक्षिक सुधारमा उल्लेख्य भूमिका निर्वाह गरेका थिए।

शिक्षा सेवी दाहालका श्रीमती दुर्गामाया दाहाल सहित दुई छोराबुहारी र दुई छोरी रहेका छन्। दुई छोराबुहारीमा जेठा राजीव (राजु)-शकुन्तला दाहाल र कान्छा नवीनचन्द्र-निकिता दाहाल रहेका छन्। दुई छोरीहरुमा जेठी गंगा चम्लागाँई र कान्छी कमला सुवेदी रहेका छन्।

शिक्षासेवी दाहालको मंगलवार बाह्रदशी गाउँपालिका-२ स्थित त्रिवेणीधाममा अन्त्येष्टि गरिने पारिवारिक श्रोतले जनाएको छ।

# स्थानीय तह निर्वाचनका लागि ३४ प्रकारका सामग्री भण्डारण

**झापा, चैत २८।** आगामी वैशाख ३० शुक्रबार हुने स्थानीय तह निर्वाचनका सिलसिलामा हालसम्म २८ जिल्लाका लागि ४५ लाख २२ हजार मतपत्र छपाइ भइसकेको छ।

निर्वाचन आयोगद्वारा सोमवार आयोजित नियमित पत्रकार भेटमा मुलुकका ७५३ निर्वाचन अधिकृतले पाउने गरी एक-एकप्रति मतदाता नामावली पठाउने कार्य भइसकेको समेत जानकारी दिइयो।

निर्वाचन आयोगले केन्द्रबाट खरिद गर्नुपर्ने ३८ प्रकारका निर्वाचन सामग्रीमध्ये ३४ प्रकारका सामग्री प्राप्त भई भण्डारण भइसकेको तथा बाँकी सामग्री आउने क्रममा रहेको आयोगका प्रवक्ता शालिग्राम शर्माले जानकारी दिए। मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्मका लागि स्थानीय तह निर्वाचन आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्ने जिम्मेवारी गृह मन्त्रालयमार्फत सबै जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई दिइएको छ।

निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गराउन विभिन्न १३ संघ संस्थासँग निर्वाचन आयोगले प्रतिबद्धता लिएको छ। प्रतिबद्धता जनाउने संघ-संस्थाहरूमा नेपाल नगरपालिका संघ, गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल शिक्षक महासंघ, नेपाल प्राध्यापक संघ, नेपाल यातायात राष्ट्रिय महासंघ, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल, राष्ट्रिय सहकारी बैंक लि, राष्ट्रिय सहकारी महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, उपभोक्ता हित संरक्षण मञ्च नेपाल, नेपाल विज्ञापन संघ र नेपाल बार एशोसिएशन छन्।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गराउन मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले निर्वाचन आचारसंहिता, २०७८को प्रभावकारी कार्यान्वयनका लागि सञ्चार जगत र निर्वाचन आयोगबीच समन्वय र अन्तरसम्बन्ध स्थापित गर्ने उद्देश्यले आयोगले ७ वटै प्रदेशमा मिडिया अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ।

सोही क्रममा आयोग पदाधिकारीको उपस्थितिमा प्रदेश नं १ को विराटनगर, गण्डकी प्रदेशको पोखरा, कर्णाली प्रदेशको सुर्खेतमा मिडिया अभिमुखीकरण कार्यक्रम हुँदैछ। अभिमुखीकरणमा निर्वाचन आयोगको तयारीबारे जानकारी गराउने तथा निर्वाचन समाचार सङ्कलन, लेखन, प्रकाशन र प्रशारणसम्बन्धी ज्ञान आदनप्रदान गरिनेछ। अभिमुखीकरण कार्यक्रममा प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघका पदाधिकारीको सहभागिता रहने छ।

अभिमुखीकरण कार्यक्रमबाट निर्वाचन आयोगले निर्वाचनसम्बन्धी व्यवस्थाबारेमा सहभागीबीच छलफल तथा अन्तर्क्रिया भई सुधारका लागि महत्वपूर्ण सुझाव प्राप्त हुने, निर्वाचन सञ्चालन तथा व्यवस्थापन पत्रकारको भूमिका, समस्या, अवसर र चुनौतीबारेमा छलफल भई साझा धारणाको विकास हुने विश्वास गरिएको छ। निर्वाचन आचारसंहिता, २०७८को प्रभावकारी कार्यान्वयनका लागि सञ्चार जगत र निर्वाचन आयोगबीच समन्वय र अन्तरसम्बन्ध स्थापित हुने अपेक्षा आयोगले राखेको छ।

सञ्चारमाध्यमहरूमा निर्वाचन आचारसंहिताको पूर्णपालना भए नभएकाबारे अनुगमन गर्न प्रेस काउन्सिल नेपालसँग आइतबार सम्झौता गरिएको छ। काउन्सिलले छापा, विद्युतीय र अनलाइन सञ्चारमाध्यममा आउने समाचारले निर्वाचन आचारसंहिता उल्लंघन भए नभएको अनुगमन गर्नेछ।

त्यसैगरी यही चैत २९ आगामी वैशाख ३ गतेसम्म देशका ७ प्रदेशका ८ स्थानमा स्थानीय तह निर्वाचनमा खटिने ७५३ जना निर्वाचन अधिकृत र ७७ जिल्ला निर्वाचन कार्यलयका प्रमुखका लागि अभिमुखीकरण तालिम/प्रशिक्षण सञ्चालन हुनेछ। तालिम पश्चात सोही स्थानबाट निर्वाचन अधिकृतलाई नियुक्तिपत्र र आवश्यक सामग्री उपलब्ध गराइने आयोगले जनाएको छ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधि र सूचनाको सहज रूपमा जानकारी दिन आगामी वैशाख १ गतेदेखि हरेक दिन 'स्थानीय तह निर्वाचन बुलेटिन' प्रकाशन गर्नेभएको छ। उक्त बुलेटिन आयोगको वेबसाइटमा उपलब्ध हुनेछ। आयोगले मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्मका लागि स्थानीय तह निर्वाचन आचारसंहिता कार्यान्वयन भएनभएको अनुगमन गर्ने जिम्मेवारी गृह मन्त्रालयमार्फत सबै जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई दिएको छ।

**जवाफ माग**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले शनिबार काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरेको आमसभामा निर्वाचन आचारसंहिता उल्लंघन भएको भन्ने गुनासो आमसञ्चारमाध्यम तथा सामाजिक सञ्जालबाट जानकारी हुन आएको जनाउँदै आयोगले सो सम्बन्धमा के कसो भएको हो ? तीन दिनभित्र आधार प्रमाणसहित चित्तबुझ्दो जवाफ माग गरेको छ।

**जवाफ पठाउन ध्यानाकर्षण**

नवलपरासी बर्दघाट सुस्ता पूर्वको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित उम्मेदवार डा. शशाङ्क कोइरालालाई निर्वाचन खर्चबारे पछिल्लोपटक व्यक्त गरेको अभिव्यक्तिबारे जवाफ पठाउन ध्यानाकर्षण गराएको छ।

प्रतिनिधिसभा सदस्यको २०७४को उम्मेदवारले रु २५ लाख तोकिएकोमा नवलपरासी बर्दघाट सुस्ता पूर्वको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित उम्मेदवार कोइरालाले आफ्नो निर्वाचन खर्चको विवरणमा आयोगसमक्ष रु. २१ लाख ७५ हजार पेस गरेका थिए।

पछिल्लो समय विभिन्न सञ्चारमाध्यममार्फत कोइरालाले दिएको अभिव्यक्तिमा रु. ६ करोड खर्च भएको भनाइप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै आयोगले त्यस विषयमा के कसो भएको हो ? सात दिनभित्र आयोगमा जवाफ पठाउन ध्यानाकर्षण गराएको छ।

## के 'केजीएफ-२'ले भारतीय बक्स अफिसमा सुनामी ल्याउला ?



मार्च महिनामा दुई ठूला फिल्मले भारतीय बक्स अफिस कब्जा गरे। बलिउडको 'द कश्मीर फाइल्स' र दक्षिण भारतीय (साउथ) फिल्म 'आरआरआर'ले कतिपय पुराना रेकर्ड नै तोडे। यो सिलसिलालाई निरन्तरता दिन आउँदैछ, अर्को साउथ फिल्म 'केजीएफ च्याप्टर २'।

अप्रिल १४ बाट विश्वव्यापी रुपमा रिलिज हुन लागेको 'केजीएफ-२'ले बक्स अफिसमा सुनामी ल्याउने अनुमान गरिएको छ। आक्रामक रुपमा अग्रिम टिकट बुकिङ भइरहेको यो फिल्मले विभिन्न रेकर्ड राख्ने अपेक्षा गरिएको छ।

'केजीएफ-२'का निर्माता पनि फिल्मबाट धेरै आशावादी देखिन्छन्। सन् २०१८मा आएको 'केजीएफ'को पहिलो भागले बलिउड सुपरस्टार शाहरुख खान स्टारर 'जिरो'लाई नाजुक अवस्थामा पुऱ्याइदिएको थियो। त्यसबेला धेरै होहल्लाविना नै यो फिल्मले बक्स अफिसमा राम्रो कमाइ गरेको थियो।

शुरुमा 'केजीएफ'का नायक यशको धेरैले खिल्ली उडाएका थिए। तरपछि फिल्म चल्न थालेपछि बक्स अफिसमा सबैलाई छक्क पार्दै अप्रत्याशित नतिजा ल्यायो। अहिले प्रदर्शनको सम्मुखमा रहेको 'केजीएफ-२'लाई लिएर दर्शकहरु उत्साहित छन्। यो फिल्मको टिकट बुकिङ र चर्चा हेर्दा यसले फिल्म बजारमा कब्जा नै जमाउने अड्कलबाजी भइरहेका छन्।

भारतीय बजारमा यसले धेरै रेकर्ड तोड्ने, नयाँ बेन्चमार्क सेट गर्ने र फिल्म उद्योगलाई पीडाको भूमरीबाट मुक्त गराउने विश्लेषकहरुको आँकलन छ।

### तार ...

मात्तिमबिर्तातर्फ जाँदै गरेको ना.३ ख ७०३६ नम्बरको बसको छतमा चढी यात्रुको समान झार्ने क्रममा सोही बसका धनी तथा कन्डक्टर उदयपुर रौतामाई गाउँपालिका-४ का २६ बर्षीय प्रताप खड्कालाई करेन्ट लागेको थियो। विद्युत्को नाङ्गो तारमा छोइँदा करेन्ट लागेर घाइते भएका उनलाई तत्काल उपचारका लागि उदयपुर अस्पताल लगिएकोमा अस्पताल पुऱ्याउना साथ डाक्टरले मृत घोषणा गरेको हो।

चालक उदयपुर त्रियुगा नगरपालिका-१२का यमराज कटुवाललाई जिल्ला प्रहरी कार्यालय उदयपुरले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको छ।

### तलब...

परीक्षणको रिपोर्ट ल्याउन भन्दा नल्याएको र सोधिएको स्पष्टीकरणको जवाफ नदिएपछि तलब रोक्का गर्नु परेको नगर शिक्षा अधिकारी तिलचन भण्डारीले बताए। उनले विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले त्यसबारे लिखित प्रतिबद्धता जनाए तलब निकासाका लागि पहल गर्न सकिने आश्वासन दिए।

प्रधानाध्यापक बाँस्कोटा चैत १६ गतेदेखि बिदामा बसेका छन्। आफू विरामी भएकाले विदामा बसेको बताउँदै उनले शिक्षकहरुको तलब निकासा गर्न र तालाबन्दी खोल्न पहल भइरहेको जानकारी दिए।

### अर्थतन्त्रमा ...

**गभर्नरमाथि छानविन कानूनसम्मत**

अर्थमन्त्री जनार्दन शर्माले कानून सम्मत् तरिकाले नै नेपाल राष्ट्र बैंकका गभर्नरमाथि छानविन गरिएको बताएका छन्। उनले राष्ट्र बैंक ऐन अनुसार नै गभर्नरमाथि छानबिनको प्रक्रिया अगाडि बढाइएको दावी गरे। छानबिनका लागि समिति गठन भइसकेकाले सोही समितिले दिने रिपोर्टका आधारमा थप निर्णय हुने उनले उल्लेख गरे। गत बिहीबारको मन्त्रिपरिषद्को बैठकले गभर्नर महाप्रसाद अधिकारीमाथि छानबिन गर्ने निर्णय गरेको थियो। गभर्नरमाथि छानबिन समिति गठन भएपछि स्वतः निलम्बन हुने व्यवस्था छ।

छानबिन समिति गठन भएकाले यस विषयमा थप टिप्पणी गर्नु आवश्यक नभएको उनको भनाइ छ। निक्षेपको तुलनामा कर्जा विस्तार बढी भए पनि त्यसले अर्थतन्त्रमा गुणस्तरीय प्रतिफल प्राप्त नभएको अर्थमन्त्रीको भनाइ छ।

आफूले मन्त्रालय र मन्त्रालय मातहतका कुनै पनि निकायमा हस्तक्षेप नगरेको बरु नेतृत्व प्रदान गरेको उनको भनाइ छ।

**घर भाडामा**

बि.न.पा.-४ भद्रपुर रोडमा रहेको २ वटा सटर, ३ रुम, १ किचन र प्यासेजमा गाडी राख्न मिल्ने, अफिस, सहकारी, व्यापार, गोदामलाई उपयुक्त घर भाडामा छ।

**सम्पर्कः ९८०७९१०२२२, ९८५२६६०३६०**

**कपडा पसल बिक्रीमा**

बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-बिक्रीमा छ।

**मो. ९८४२६९५७८८, ९८२६९३०६०५**

**कर्मचारी आवश्यकता**

पूर्वाञ्चल दैनिक पत्रिकालाई झापाको काँकरभिट्टा क्षेत्रमा एक जना बजार प्रतिनिधिको आवश्यकता परेकोले इच्छुक योग्यता पुगेका व्यक्तिले तु-सम्पर्क राख्नुहोला।

**पद :** बजार प्रतिनिधि (महिला/पुरुष)

**योग्यता :** SLC वा सो सरह (अनुभवीलाई प्राथमिकता)

**तलब सुविधा :** आपसी समझदारीमा

**पूर्वाञ्चल दैनिक**

बिर्तामोड झापा, **फोन सम्पर्कः ९८४२६३४७४०, ९८१६९८१०१७**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# अर्थतन्त्रको बढ्दो ज्वरो

पूर्वाञ्चल


सम्पादकीय

## स्वदेशी उत्पादनको सुरक्षा

**कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गर्ने भन्दै सरकारले विशेष योजना ल्याएको छ । त्यसै अनुसार उत्पादनका दृष्टिले विभिन्न क्षेत्रको वर्गीकरणसहित अनुदान, प्रविधि लगायतका सेवा राज्यका तर्फबाट प्रदान गरिँदैछ । झापा यसै पनि अन्नको भण्डारका रुपमा परिचित जिल्ला हो । त्यसमाथि उपकरण, प्रविधि र अनुदान प्रदान गरियो भने उत्पादन बढ्ने निश्चित छ । सरकारले कृषिवस्तुको उत्पादनका विशेष क्षेत्रलाई 'जोन' नाम दिएर कृषिकर्मलाई व्यावसायिक बनाउने कार्यक्रम सञ्चालन गरेको छ । त्यस्ता 'जोन'हरुमा धान, मकै जस्ता खाद्यान्नदेखि नगदे बाली पर्दछन् । यो कार्यक्रमबाट उत्पादन बढ्ने, श्रमशक्ति, समय र लागतको बचत भई बढी लाभ लिन सकिने र कृषि कर्मप्रतिको विकर्षण रोक्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।**

**देशमै रोजगारी सृजना गरी विदेश पलायन कम गर्ने, कृषि वस्तुमा आत्मनिर्भर बन्ने र निर्यात बढाएर सञ्चिती बढाउने सरकारले कृषि कर्मलाई व्यावसायिक बनाउन सहयोग गर्नैपर्छ । अझ खासगरी देशका तराई क्षेत्र कृषिवस्तुको उत्पादनका लागि हावापानी, माटो र सुगमताको दृष्टिले उपयुक्त छ । यस्तोमा सुपारी र सुपारी जस्ता उत्पादनलाई बढाउन सकिए कृषकसँगै देशलाई पनि मनग्य लाभ हुन्छ । झापाको माटोमा उत्पादन हुने सुपारी त्यस्तो खेती हो जसलाई बढी श्रमशक्तिको जरुरी पर्दैन । एकपटक रोपेर हुर्किएपछि वर्षौं उत्पादन दिने सुपारी देशकै उद्योगमा खपत हुन सके सुपारी कृषकलाई संरक्षण र प्रोत्साहन गर्न सकिन्थ्यो । आफ्नै उत्पादनले बजार र मूल्य नपाइरहेका बेला सरकारले विदेशबाट सुपारी आयातलाई अनुमति दिँदा नेपाली किसान मर्कामा मात्र परेका छैनन् देशको अर्थतन्त्रमै नकारात्मक प्रभाव पर्न थालेको छ ।**

**त्यसो त सरकारले सुपारी जोनका नाममा बजेट विनियोजन गरेको छ । विगत चार वर्षको अवधिमा यही कार्यक्रमका लागि दुई करोड रुपैयाँ विनियोजन भइसकेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ झापाका प्रमुख रवीन्द्र सुवेदीले जानकारी दिएका छन् । तर, त्यही सरकारले आयात खुला गरेर नेपाली कृषकलाई उचित मूल्य पाउनबाट वञ्चित गरेको छ । तसर्थ, कृषकसँगै देशको अर्थतन्त्रमा सुधार ल्याउन सरकारले गम्भीर हुनैपर्छ । झापाका मेचीनगर, बुद्धशान्ति, अर्जुनधाराका सात सय अठहत्तर हेक्टर जमिनमा भइरहेको सुपारी खेतीलाई व्यावसायिक बनाउन राज्यले सोच्नै पर्छ, योजना बनाएर, कार्यक्रममा समेटेर नगदेवाली सरहको सुपारी खेतीलाई संरक्षण, प्रवर्द्धन गर्न राज्य गम्भीर हुनैपर्छ । अनि मात्र देशको अर्थतन्त्रसँगै नागरिकको जीवनस्तरमा सुधार गर्न सकिन्छ ।**



**जुनारबाबु बस्नेत**

नेपाली अर्थतन्त्रमा समस्या छ भन्ने तथ्य अब लुकाइरहने विषय रहेन। आधिकारिक तथ्याङ्क बाहिर आइरहेका छन्। तिनले मौजुदा आर्थिक परिसूचक सन्तोषजनक छैनन् भन्ने तथ्य स्वयम् बोल्छ। ज्वरो अझै बढ्ने देखिँदैछ। चिकित्सक गम्भीर हुने बेला हो यो तर अधिकारीहरू दैनिकजसो ज्वरो बढाउन बोलिरहेका छन्। अर्थतन्त्रको वास्तविक अवस्थाभन्दा आरोप-प्रत्यारोपको बहस झैं चलेको छ। त्यो आरोप र प्रत्यारोप कार्यव्यवहारमा समेत परिवर्तन हुँदैछ। यो कार्य नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गरेर शुरु भएको छ।

त्यसो त केन्द्रीय बैंकको कानूनी प्रावधानमै टेकेर मन्त्रिपरिषद्ले छानबिन अगाडि बढाएको तर्क छ। अर्थ मन्त्रालयका अधिकारीका अनुसार पूर्वन्यायाधीशको संयोजकत्वमा एक महिनाभित्र छानबिन हुनेछ। यो प्रक्रियाको समय ठीक थियो/थिएन, बिस्तारै समीक्षा हुँदै जानेछ। यथार्थमा त सम्बद्ध सबै अधिकारी र अर्थतन्त्रसँग जोडिएका प्रमुख निकाय सङ्कटपूर्ण अवस्थाको कठघरामै भएको बेला हो यो। कुनै अधिकारीको निलम्बनले मात्र अर्थतन्त्र तत्काल उँभो लाग्दो होला र ? प्रश्न गहन रूपमा उठ्दै छ। अर्थतन्त्र बिग्रँदा सरकार, सरकार प्रमुख र सिङ्गो देशले प्रतिकूलता भोग्नुपर्छ भन्ने कुरा अहिले श्रीलङ्कालाई हेर्नुपर्छ। नागरिकको कति बेहाल हुन्छ भन्ने कुरा अरूबाट पाठ सिक्नु राम्रो हो।

अर्थतन्त्र समस्यामा पर्न थालेको एकै पटक होइन। लगभग चार वर्षभन्दा बढी भयो अर्थतन्त्रले गति लिन नसकेको। दुईतिहाइको सरकार बनेपछि नेपालको आर्थिक तथा सामाजिक विकासमा फड्को मार्छ भन्ने विश्वास थियो। त्यसको प्रचार आवश्यकताभन्दा अति नै बढी भएको थियो, तर यथार्थ त्यस्तो हुन सकेन। भूकम्पपछिका दुई आर्थिक वर्षमा मुलुक आर्थिक विकासको लयमा फर्किएको थियो। सात-आठ प्रतिशतको आर्थिक वृद्धि हुन थालेको थियो। तर, दुईतिहाइको सरकार आएपछि अवरुद्ध भयो। दुई वर्षअघि कोरोना ( कोभिड-१९) थपिँदा अर्थतन्त्र झन् थला बस्यो। आर्थिक वृद्धिदर खुम्चियो।

थला बसेको अर्थतन्त्र उकास्न यताको एक वर्षमा प्रयास नहुनु सबैभन्दा नाजुक पक्ष हो। उत्पादन कमजोर छ। तर, गत वर्षभरि भएको आयातले चालू आर्थिक वर्षको आठ महिनामै उछिन्न खोजेको छ। चालू आर्थिक वर्षको आठ महिनामा आयात १३ खर्ब रुपैयाँ नाघेको छ। यो हिसाबले जति नियन्त्रण गर्दा पनि आयात चालू आर्थिक वर्षभरि २० खर्ब रुपैयाँ पुग्ने देखिएको छ। निर्यात दुई खर्ब पुगे पनि निर्यात हुने वस्तुमा ठूलो चलखेल भएको छ। सुपारी, मरिच आयात गरेर फेरि निर्यात गरेको अर्थ छैन। यसले त तस्करी मात्र बढाउँछ। छिमेकी चिढ्याउँछ। नेपाली श्रम र कच्चा पदार्थमा आधारित वस्तुको निर्यातले मात्र वास्तविक अर्थमा अर्थतन्त्रलाई रोजगारी दिन्छ। उत्पादन बढाउँछ र आर्थिक वृद्धिमा सहयोग पुऱ्याउँछ भन्ने कुरा सम्झाउनुपर्ने होइन।

चालू आर्थिक वर्षको आठ महिनामा पेट्रोलियम पदार्थको आयात एक खर्ब ८४ अर्ब रुपैयाँको भएको छ। यस्तो आयात गत वर्षभरि एक खर्ब ७५ अर्ब रुपैयाँको थियो। केन्द्रीय बैंकले नगद मार्जिनका प्रतिशत तोक्दा पनि निजी सवारीसाधन आयातमा कमी नभएपछि असारसम्म आयातमै रोक लगाउने निर्णय गरे पनि त्यो विवादमा पर्नु अस्वाभाविक थिएन। माग भएपछि आपूर्ति हुन्छ नै। सरकारले सार्वजनिक सवारीको राम्रो व्यवस्था नगर्दा निजी सवारीमा वर्षौंदेखि असीमित आकर्षण बढेको हो।




मानिसको यो बाध्यता पनि हो। धेरै जना मानिस ओसारपसार गर्न सक्ने चुस्त, सस्तो सार्वजनिक सवारीको व्यवस्थापनमा सरोकार निकाय कानमै तल हालेर बसेका छन्। रुसको युक्रेनमा युद्ध हस्तक्षेपपछि संसारभर कच्चा तेलको भाउ आकाशियो। यो मारमा संसार परेको छ। नेपालीमा मार अझै बढी पर्न सक्नेछ। यो वर्षको फागुनसम्म गत वर्षको भन्दा ९१ प्रतिशतले बढेको तेल आयात मूल्य बढेका कारण अझै कति बढ्ने हो ठेगान छैन। पेट्रोलियमको कम खपतका कुनै रणनीति बनेर कार्यान्वयनमा नआउनु उदेकलाग्दो छ।

आयात गर्न विदेशी मुद्रा चाहिन्छ। पछिल्लो पहिना ९१ अर्ब विप्रेषण आप्रवाह बढ्यो भने हर्ष बढाइँ झैं गर्ने अधिकारीहरू गत आर्थिक वर्षको असार मसान्तदेखि माघसम्म विदेशी मुद्रा घटेको तथ्याङ्कमा गम्भीर हुन सकेनन्। विदेशी मुद्रा १६.१ प्रतिशतले घटेको छ। असार मसान्तमा कूल १३ खर्ब ९९ अर्ब विदेशी मुद्रा सञ्चिति रहेकोमा घटेर ११ खर्ब ७३ अर्बमा झरेको छ। चालू खातामा चार खर्ब १३ अर्बले कमी आएको छ। यस्तो गत वर्ष एक खर्ब चार अर्बले घाटामा थियो। कुनै बेला १३ महिनासम्मको आयात धान्ने विदेशी मुद्रा अब छ महिनामा झरेको छ।

नेपाली अर्थतन्त्र श्रीलङ्काको बाटोमा छ भन्नेहरू पनि छन्। अधिकारीहरू त्यो रहर पूरा हुँदैन पनि भन्दैछन्। नेपाल श्रीलङ्का त हुँदैन, तर जिम्मेवारीमा बस्नेले लोकप्रियताको लहडमा मात्रै काम गर्न थाल्यो भने अर्थतन्त्र योभन्दा अझ नाजुक अवस्थातिर जान्छ भन्ने कुरा बिर्सन हुँदैन। एसियाली विकास बैंकले चालू आर्थिक वर्षमा तीन दशमलव नौ प्रतिशत मात्र आर्थिक वृद्धि रहने प्रक्षेपण गरेको छ। यसले सरकारले बजेट मार्फत राखेको चालू आर्थिक वर्षको सात प्रतिशतको आर्थिक वृद्धि पूरा हुने देखिन्न। आर्थिक वृद्धिलाई मुद्रास्फीतिले उछिन्ने स्पष्ट सङ्केत देखिएको छ। यसले अर्थतन्त्रको वास्तविक वृद्धि हुँदैन। महँगी छ/सात प्रतिशत पुग्ने र आर्थिक वृद्धि त्यसको आधा मात्र हुनेछ।

श्रीलङ्का उच्च महँगीले अहिले अस्तव्यस्तै छ। सन् १९६० मा सिङ्गापुरले श्रीलङ्का जस्तो समृद्ध कहिले हुने भनेर छलफल गरेको थियो। आज श्रीलङ्का कहाँ छ र सिङ्गापुर कहाँ ? कापी नपाएर विद्यार्थीको परीक्षा रोकिएको छ। जनआक्रोश धान्न नसकेर मन्त्रीहरूले सामुहिक राजीनामा दिए। अर्थमन्त्रीले आफूभन्दा काबिल अर्थमन्त्री खोज्न पदबाट हट्न चाहे पनि पार पाउन सकेका छैनन्।

किन यस्तो भयो श्रीलङ्का ? विश्लेषण गर्दा मुख्य कारण स्पष्ट छन्। तिनमा विदेशी मुद्रा सञ्चितिको कमी पहिलो हो। विदेशी मुद्रा नहुँदा औषधि र खाद्यान्न किन्न सकेको छैन। पर्यटन सेवा अर्थतन्त्रमा टिकेको त्यहाँको अर्थतन्त्र कोरोना महामारीबाट थलिँदा विदेशी मुद्रा आउन बन्द भयो। रुस र युक्रेनको युद्धले उच्च मुद्रास्फीति भयो। पाउरोटीको भाउ सात गुणासम्म बढ्यो। दुई-तीन वर्ष यतादेखि नै मल आयात गर्न विदेशी मुद्रा अभाव भएपछि देशलाई अर्गानिक बनाउने लहड शासकले लिए। रासायनिक मल प्रयोग गरिरहेको कृषि एकैपटक अर्गानिकतिर जाँदा उत्पादनमा उच्च ह्रास भयो। खाद्यान्न सङ्कट झनै बढ्यो। ऋण तिर्ने विदेशी मुद्राको अभाव भएपछि प्रत्यक्ष वैदेशिक लगानी आउन सकेन्। विगत एक दशकमा उच्च ब्याजदरमा ल्याएको विदेशी ऋणले देश थिचियो। शक्तिमा एकै परिवारको हालिमुहाली हुँदा भ्रष्टाचार उच्च भयो। चीनको ऋणमा बनेको हम्बनटोटा बन्दरगाह ९९ वर्षका लागि चीनलाई लिजमा दिन बाध्य भयो। प्रियतम् कार्यक्रम मात्र ल्याउँदा राजस्वले धानेन, असाध्य घट्यो।

श्रीलङ्काको यो अवस्था ठ्याक्कै नेपालसँग नमिले पनि प्रवृत्ति केही मिल्दाजुल्दा पक्कै छन्। नेपालमा भ्रष्टाचार कम नभएको ट्रान्सपरेन्सी इन्टरनेशनलकै तथ्याङ्कले बोल्छ। आयात उच्च हुँदैछ। इन्धनको आयात उच्च हुँदैछ। कृषि उत्पादन घट्दो छ। महँगी उँभो लाग्दो छ। पुँजीगत बजेट साँघुरो हुँदैछ र विनियोजित पुँजीगत बजेट खर्च गति नाजुक छ। तीन दिनअघि चैत २५ गतेसम्म ९७ अर्ब रुपैयाँ मात्र खर्च भएको छ। कूल तीन खर्ब ७८ अर्ब रुपैयाँ विनियोजन गरिएको पुँजीगत खर्च चैत २५ सम्म २५.८३ प्रतिशत मात्र खर्च भएको छ। अब आर्थिक वर्षको बाँकी समय तीन महिना मात्र छ र यसै बेला स्थानीय तहको चुनावका लागि निर्वाचन आयोगले आचारसंहित लागू गरिसकेको छ। खर्च गर्न अब झनै समस्या हुनेछ।

अर्थतन्त्रलाई मौजुदा बढ्दो ज्वरोबाट स्वभाविक अवस्थामा फर्काउन सम्बद्ध पक्ष गम्भीर हुनैपर्छ। ज्वरो बढेको बेला माछामासु, दारू खानु हुँदैन। यसले टाइफाइड निम्त्याउँछ। यस्तो जटिल बेला सात्विक भोजनमा अव्यस्त गराउनुपर्छ। ज्वरो त्यसै आउँदैन। विगतको लापरवाही खानपान ज्वरोका कारण हुन सक्छ। यो दश वर्ष नेपाल जग्गा दलालीको साम्राज्य दशक भयो। अनौपचारिक अर्थतन्त्र मौलायो। राजनीति गर्ने कतिपयहरू त्यस्तो अर्थतन्त्रको प्रमुख संरक्षक भएपछि समस्या जटिल बनेको छ। यसले सरकारी कोष र बैङ्किङ च्यानलमा रकम घुम्ने क्रम घट्यो र घट्दै छ। सही बाटो लिइएन भने अझ घट्न सक्छ।

युरोप, अमेरिका पढाउन पठाएकाहरूले विप्रेषण ल्याउने होइन, यताको सम्पत्ति बेचेर उतै लग्न थाले। हुन्डी मौलायो। क्रिप्टोकरेन्सीमा लगानी बढ्दा विदेशी मुद्रा केन्द्रीय बैंकमा आउन कमी हुँदो छ। सुशासनमा समस्या छ। ज्वरो घटाउन आर्थिक सुधारको बाटो लिनुपर्छ। नीतिगत, संस्थागत र संरचनागत सुधारका तत्कालीन र दीर्घकालीन औजार मात्र अर्थतन्त्र सुधार्ने उपाय हुन्। राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र केन्द्रीय बैंकले हस्तक्षेप होइन, राष्ट्रिय आर्थिक लक्ष्य पूरा गर्न समन्वय र सहयोगी भएर अगाडि बढ्नुपर्ने हुन्छ। अर्थतन्त्र समस्यामा भएका बेला प्रियतम् नीति र कार्यक्रमहरू ज्वरो बढेका बिरामीलाई मासु, दारू, खीर खुवाए जस्तो मात्र हुन्छ। *गोप*

## बालबालिकामा कार्टुनको लत कसरी हटाउने ?

बालबालिकाको कार्टुन लत प्रायः अभिभावकको साझा समस्या हो। कामकाजी अभिभावकले आफ्ना छोराछोरीलाई फकाउन/भुलाउन कार्टुन देखाउने गर्छन्। तर, त्यही कार्टुनको लतमा आफ्ना बालबालिकामा कतिबेला पर्छन् पत्तै पाउँदैनन्।

कार्टुनको लत हटाउन सजिलो छैन। यो बालबालिकाको प्रयत्नले मात्रै सफल हुँदैन। यसमा अभिभावकको भूमिका पनि उत्तिकै हुन्छ। बालकालिकामा कार्टुनको लत लाग्नुमा बालबालिकासँगै अभिभावक पनि उत्तिकै जिम्मेवार छन्। अभिभावकले थोरै समय मात्रै आफ्ना छोराछोरीको लागि छुट्याउने हो भने उनीहरूलाई यो लतबाट बाहिर निकाल्न सकिन्छ। कार्टुनको लतबाट बालबालिकालाई बाहिर निकाल्ने केही उपाय :

**उनीहरूलाई समय दिने**

कतिपय अभिभावक आफू मोबाइलमा व्यस्त हुन्छन्। अनि छोराछोरीलाई यो नगर, त्यो नगर भनेर आदेश दिन्छन्। बालबालिकाले धेरैजसो कुरा आफ्नै अभिभावकबाट सिक्ने भएकाले उनीहरूले छोराछारीलाई बढीभन्दा बढी समय दिनुपर्छ। उनीहरूसँग कुराकानी गर्नुपर्छ। उनीहरूका कुरा सुन्नुपर्छ। उनीहरूको कुरा सुन्न अभिभावकले कहिल्यै झर्को मान्नु हुँदैन।

**कार्टुन बाहेक अन्य च्यानल देखाउने**

टेलिभिजन हेर्न बानी परेका बालबालिकालाई एकैचोटी टेलिभिजनबाट बाहिर लैजानुभन्दा उनीहरूलाई कार्टुन बाहेक अन्य च्यानल हेर्न प्रेरित गर्नुपर्छ। टेलिभिजनमा थुप्रै मनोरञ्जनात्मक र जानकारीमूलक कार्यक्रम पनि छन्। बिस्तारै उनीहरूलाई त्यस्ता च्यानल हेराउने बानी बसाल्नुपर्छ। त्यस्तै, बालबालिकाले टेलिभिजनमा हेर्ने कार्यक्रममा अभिभावकले निगरानी राख्नुपर्छ। कार्टुन हेर्दाका फाइदा-बेफाइदाबारे जानकारी दिनुपर्छ।



**बेला-बेलामा घुमाउन लैजाने**

घरमा टिभी हेराएर राख्नुभन्दा बालबालिकालाई बाहिरफेर घुमाउन लैजानुपर्छ। बाहिर घुमाउन लैजादा पहिलो त उनीहरूमा कार्टुनको लत हटाउन सहयोग हुन्छ। दोस्रो, बाहिरी वातावरणसँग घुलमिल हुने अवसर पनि मिल्छ। तेस्रो, आमाबाबु र छोराछोरीबीच संवाद हुन्छ। उनीहरूबीचको बन्धन बलियो हुन्छ। एकैपटक मोबाइल खोस्दा, टेलिभिजन हेर्न बन्द गरिदिँदा मात्रै समस्याको समाधान हुँदैन।

**विकल्प दिने**

धेरै अभिभावक कार्टुन नहेर्नु भन्दै बालबालिकालाई गाली गर्छन्। तर, कार्टुन नहेरेर के गर्ने छनोटको सुविधा दिँदैनन्। कार्टुनको विकल्पमा के गर्ने ? के खेल्ने ? कहाँ जाने ? जस्ता कुरामा बालकालिकालाई विकल्प दिनुपर्छ। बालबालिकामा केही न केही प्रतिभा हुन्छ। कार्टुन हेर्ने समय उनीहरूभित्र भएको प्रतिभा प्रष्फुटन गर्न सहयोग गर्नुपर्छ। चित्र बनाउन मन लाग्नेलाई चित्र बनाउन उत्प्रेरित गर्ने, नाच्न-गाउन लगाउने, अतिरिक्त किताब पढ्न लगाउने आदि गर्न सकिन्छ।

**तालिका बनाइदिने**

बालबालिकालाई टेलिभिजन हेर्ने, पढ्ने, खेल्ने आदि क्रियाकलापको तालिका बनाइदिनुपर्छ। त्यसको छुट्टाछुट्टै समय तोकिदिनुपर्छ। यसो गर्नाले उनीहरू टेलिभिजन र कार्टुनमा मात्र झुण्डिएर बस्दैनन्। तालिका बनाइदिँदा उनीहरू अनुशासित हुन्छन्। कार्टुन बाहेक अरु क्रियाकलापमा उनीहरूको संलग्नता बढ्छ र बिस्तारै कार्टुनबाट लत छुट्छ। कार्टुनको लतमा परेका बालबालिकालाई एकै पटक लत छुटाउन खोज्नु हुँदैन। उनीहरूलाई सामान्य अवस्थामा फर्काउन बिस्तारै कार्टुनको समय घटाउँदै लैजानुपर्छ।

## रामनवमीमा ज्येष्ठ नागरिकलाई सम्मान



**बिर्तामोड, चैत २८।** रामनवमी पर्वको अवसरमा कन्काई नगरपालिकास्थित दुर्गापुरमा ज्येष्ठ मातापितालाई सम्मान गरिएको छ।

ज्येष्ठ नागरिक संघ १ नं. वडा समितिको आयोजनामा आइतबार भएको कार्यक्रममा वडा नं. १ का आठ जना ज्येष्ठ मातापितालाई सम्मान गरिएको हो।

वडासमितिका संयोजक तेजप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल लगायतका अतिथिहरुले रुद्राक्षको माला, दोसल्ला, फलफूल प्रदान गरेर ज्येष्ठ मातापितालाई सम्मान गरेका थिए।

सहसंयोजक बालकृष्ण सिटौलाले कार्यक्रमको औचित्यसहित स्वागत गरेको कार्यक्रममा भीमा कोइराला-९४, कौशिला अधिकारी-९४, विष्णुमाया निरौला-८९, रनीमाया विश्वकर्मा-८२, केदारजंग पौडेल-८५, नेत्रप्रसाद मिश्र-८४, गुरुप्रसाद तिम्सिना-८२ र लक्ष्मीप्रसाद काफ्ले सम्मानित भएका हुन्।

संस्थाका नगर अध्यक्ष पुण्यप्रसाद बाराकोटी, कन्काई-नगरपलिकाका वडा नं. १ का का.वा. वडाध्यक्ष देवीप्रसाद अधिकारी, धनराज खड्का, इन्दिरा बराल लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन नगरसचिव शम्भुप्रसाद पोखरेलले गरेका थिए।



**लिम्बू जातिको मौलिकता झल्कने घर :** संखुवासभाको सिमाना नजिकै पर्ने तेह्रथुम जिल्लाको लालिगुराँस नगरपालिका वडा नं. ३ बसन्तपुरमा निर्माण गरिएको लिम्बू जातिको मौलिकता झल्कने घर । पार्क नगरपालिकाको करिब रु. १४ लाखमा निर्माण गरिएको हो । *तस्वीर : रासस*

# बागेडाँगीमा रक्तदान



**लक्ष्मीपुर, चैत २८।** अर्जुनधारा-५, लक्ष्मीपुरस्थित बागेडाँगी बहुउद्देश्यीय सहकारी संस्था लि.को आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

नयाँ वर्षको अवसरमा प्रत्येक वर्ष संस्थाले आयोजना गर्ने नियमित कार्यक्रम अनुसार नै यस वर्ष पनि रक्तदान कार्यक्रम आयोजना गरिएको संस्थाका व्यवस्थापक यशोदा कार्कीले बताइन् । लक्ष्मीपुरस्थित संस्थाको कार्यालय परिसरमा आयोजित कार्यक्रममा २७ जनाले रक्तदान गरेका थिए ।

सो रक्तदान कार्यक्रममा रेडक्रस सोसाइटी बिर्तामोड शाखाको प्राविधिक सहयोग रहेको थियो । २०५४ सालमा स्थापना भएको संस्थाले झापा जिल्लाभर सेवा विस्तार गरिसकेको छ ।

हालै सम्पन्न संस्थाको अधिवेशनबाट छविलाल लम्सालको अध्यक्षतामा गठन भएको नयाँ कार्यसमितिको टीमले शेयर सदस्य संख्या विस्तार गर्ने, कृषकलाई रासायनिक मल तथा बीऊ उपलब्ध गराई कृषिलाई आत्मनिर्भर बनाउने, आयमूलक तालिम, गोष्ठीको आयोजना गरी आफ्ना शेयर सदस्यलाई रोजगारमूलक व्यवसाय प्रति आकर्षण बढाउने लगायतका नीति लिइएको संस्थाका अध्यक्ष लम्सालले जानकारी दिए ।

# चिल्ड्रेनका विद्यार्थीलाई कफीको जानकारी



**बिर्तामोड, चैत २८।** कफी व्यवसायले पछिल्लो समय नेपालमा प्राथमिकता पाएसँगै कफीको विकास र प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमहरु हुँदै आएका छन् ।

पूर्वी नेपालमा पनि व्यवसायीक रुपमा कफी खेती हुन थालेको छ भने शहरी क्षेत्रमा कफी सपहरु धमाधम सञ्चालनमा आउन थालेका छन् । यसैबीच झापाको बिर्तामोड-१ मा रहेको चिल्ड्रेन इन्भारोमेन्ट विद्यालयका विद्यार्थीलाई कफी सपको भ्रमण गराइएको छ । विद्यालयका कक्षा-८ मा अध्ययनरत् ४२ जनाभन्दा धेरै विद्यार्थीलाई बिर्तामोडको थर्ड होम क्याफेको भ्रमण गराइएको विद्यालयका एसीए को-अर्डिनेटर डीआर शर्माले जानकारी दिए ।

पछिल्लो समय सौख तथा स्वास्थ्यका लागि कफी पिउने संस्कार बढ्दै गइरहेका बेला विद्यार्थीलाई कफीको महत्व र विशेषता दर्शाउँदै विद्यार्थीहरुको व्यक्तित्व विकास र व्यवसायीक ज्ञान दिने उद्देश्यले क्याफेका सञ्चालक राम तिवारीले विद्यार्थीलाई कफीको उत्पत्ति, विकासका साथै कफीका विभिन्न स्वादसहित प्रकारका बारेमा जानकारी गराएका थिए ।

अवलोकन भ्रमण अत्यन्त फलदायी बनेको विद्यार्थीहरु दिया पौडेल, गरिमा धमाला लगायतले बताए । उनीहरुले कफीका विषयमा धेरैका जान्ने मौका मिलेको उल्लेख गरे । भ्रमणमा शिक्षकहरु नारद पौडेल, शरण राजवंशी, विद्यालयका सेकेण्डरी इन्चार्ज डीएन लुइँटेल लगायतका शिक्षकहरु सहभागिता रहेको थियो ।

विद्यार्थीहरुमा अतिरिक्त ज्ञानको जरुरी रहेकाले समय अनुसार हरेक विषयमा जानकारी दिने उद्देश्यले पछिल्लो समय कफीको माग बढिरहेका बेला यसको जानकारी गराउने उद्देश्यले विद्यार्थीलाई अवलोकन भ्रमण गराइएको जनाइएको छ ।

विद्यार्थीको क्षमता विकासका साथै अन्य विभिन्न जानकारी गराउने उद्देश्यले विद्यालयले शैक्षिक भ्रमण तथा अन्य अतिरिक्त क्रियाकलापलाई समेत प्राथमिकता दिएको विद्यालयका प्रिन्सिपल सन्तोष सुब्बाले जानकारी दिए ।

# हिंसा न्यूनीकरण सम्बन्धी सचेतना




**कमल, चैत २८।** समावेसी महिला सशक्तिकरण केन्द्रद्वारा महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

कमल गाउँपालिका-३ स्थित सिंहदेवी सामुदायिक भवनको सभाहलमा सम्पन्न कार्यक्रममा समाजमा अहिले पनि महिला तथा बालबालिका माथि हुने हिंसा हुने गरेकोले त्यसलाई न्यूनीकरण गर्दै समुन्नत समाजको निर्माण गर्ने विषयमा सचेतनामूलक कार्यक्रम भएको आयोजकले जनाएको छ ।

केन्द्रकी अध्यक्ष सृजना निरौला(पौडेल)को अध्यक्षतामा सम्पन्न कार्यक्रम कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्ले, ३ नं. वडाध्यक्ष नरप्रसाद दंगाल, छत्र फागो, अग्नि कोइराला लगायतले महिला तथा बालबालिका माथि हुने हिंसा न्यूनीकरण गर्न सामुहिक प्रयास आवश्यक रहेको बताएका थिए । उनीहरुले अझै पनि महिला हिंसाका घटनाहरु बढिरहेकाले सचेतनामूलक कार्यक्रम आवश्यक रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा सहभागीलाई प्रमिला न्यौपानेले सहजीकरण गरेकी थिइन् । केन्द्रकी सचिव भबिता राईले सञ्चालन गरेको कार्यक्रममा ३७ जनाको सहभागिता रहेको थियो ।

# नुमा करातेमा तेस्रो



**बिर्तामोड, चैत २८।** झापाको बिर्तामोड-१ स्थित चिल्ड्रेन इन्भारोमेन्ट विद्यालयकी विद्यार्थी झापा जिल्ला स्तरीय प्रथम मेयर कप अन्तरपालिका कराते प्रतियोगितामा तेस्रो भएकी छन् ।

कक्षा-७ मा अध्ययनरत् छात्रा नुमा लिम्बूले ३५ केजी तौल समूहमा बिर्तामोड नगरपालिकाको प्रतिनिधित्व गर्दै तेस्रो स्थान हासिल गर्न सफल भएकी विद्यालयका चिल्ड्रेन इन्भारोमेन्ट विद्यालयका प्रिन्सिपल सन्तोष सुब्बाले जानकारी दिए ।

विद्यालयका मार्सल आर्ट प्रशिक्षक सुरज धिमालले विद्यार्थीहरुलाई प्रशिक्षण प्रदान गर्ने गरेको विद्यालयले जनाएको छ ।


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी रु. २०००।– मा सफाई गरिने छ ।




सम्पर्क: ९८१४९९३७१२, ९८४२६७७८५५, ९८२४९९०४६२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।




सम्पर्क: ९८०८७०५२०६/९८६३९८३६६८ ९८०७९३०७४०/९८४०४९८३५५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## थाहै नपाई जाँडरक्सीको कुलतबाट मुक्त

साथै यौवन कमजोरी, शिघ्रस्खलन, बाध नसा रोगी, पायल्स फिस्टुला, दम खोकी, चिनी रोग, पथरीया, प्रेसर, ग्याष्ट्रिक, कब्जीयत, महिलाहरुको पाठेघरको समस्या सेतो पानी बग्ने महिनावारी गडबढी सबैको उपचार हुन्छ ।

कोरोनाको बन्दपछि पसल शनिश्चरेरोड शिखरबजार पछाडि सरेको छ ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा**
शनिश्चरे रोड, शिखर बजार पछाडि बिर्तामोड, झापा
फोन : ९८४२६४३६१८, ९८१७९४१९७९, ९८०७९९४८८०, ९८६३६७१५५८

## कर्मचारी आवश्यकता

यस टाटा पेन्ट्स मेची डिपोको लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

१) **पद :** मार्केटिङ्ग मेनेजर **संख्या :** १ जना
*मोटरसाइकल र लाइसेन्स भएको*
**तलब :** १५,०००।- देखि २५,०००।- सम्म

२. **पद :** सेल्स मेन **संख्या :** १ जना
*मोटरसाइकलको लाइसेन्स भएको*
**तलब :** ८०००।- देखि १२,०००।- सम्म

**सम्पर्क : ९८५२६३०६१०, ९८०४३९४९२६**

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।*

## QATAR AIRWAYS القطرية — कतारमा रोजगारको अवसर

कम्पनी: INNOVATIONS MANPOWER SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/१२/२५ चलानी नं.: ६०१७७६६० L.T. No.: 261386

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Customer Service | 30 | 15 | सम्बन्धित काममा दक्ष | 2200 | ७३,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Ground Steward | 15 | 0 | | 2200 | ७३,०१८ | | | | | | | |
| 3. | Catering | 20 | 0 | | 1500 | ४९,७८५ | | | | | | | |

नोट : Qatar Airway कम्पनीमा Customer service agent को लागि ४०००।– रियाल तलब भएको डिमाण्ड रहेकोले हुनाले इच्छुक महानुभावले सम्पर्क गर्न सक्नु हुनेछ ।

**फाइनल अन्तरवार्ता बैशाख ५ गते सेन्टर पोइन्ट पार्टी प्यालेस बिर्तामोडको ठूलो हलमा हुँदैछ ।**

**Fresh Can Also Apply .**

Work place : Hamad International Airport, (Qatar Airways), Qatar.

**Rightway Enterprises Pvt. Ltd.** Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31 Kathmandu, Nepal
Jhapa Contact 023-590136, 590440, 9852674349, 9844646467, 9816961140, 9801046467

## THAKUR POLYCLINIC

यही वैशाख ३ गते शनिबारका दिन बिहान ८:00 बजे देखी १२:00 बजे सम्म


सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा

अब विर्तामोडमा



डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडवड



अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** समय उत्तम सिद्ध भएर गएको छ, गुप्तअङ्गमा विशेष समस्या देखिन सक्छ, धार्मिक कार्यमा अभिरूची बढेर जानेछ, आयआर्जनमा वृद्धि हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** छोटो दूरीको यात्रा हुनेछ, पढाई तथा लेखाइमा मन जानेछ, कुनै प्रतियोगितामा भाग लिने अवसर मिल्न सक्छ, मन हर्षित रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिन राम्रो रहेको छ, धन लाभ होला, उत्तम भोजन प्राप्तिको योग छ, सन्तान सुख प्राप्ति होला, भाग्यले साथ दिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा पदोन्नतिको योग छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ, साथीभाइबाट सहयोग मिल्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय प्रभावशाली रहेको छ, सुखको अनुभूति गर्न पाइनेछ, मान सन्मान बढेर जानेछ, इष्टमित्रहरूबाट भरपुर सहयोग पाउनुहुनेछ, मनमा आनन्द प्राप्ति होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** मनमा सन्ताप बढेर जानेछ, खर्चको वृद्धि हुनेछ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, बन्न लागेको काम बिग्रने सम्भावना छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** समय मिश्रित फलदायी छ, शिर सम्बन्धी समस्याले सताउन सक्छ, अनावश्यक यात्रा तथा खर्चको सामना गर्नु पर्नेछ, मन खिन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यापार-व्यवसायमा पदोन्नतिको योग छ, धन लाभ प्राप्त हुन सक्छ, दाम्पत्य जीवन सुखद् रहला, आयआर्जनमा बृद्धि हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बोलिको प्रभावले बिग्रन लागेको काम पनि बन्ने योग छ सुख र आनन्दी प्राप्त हुनेछ, भाग्यले साथ दिनेछ, मन हर्षित रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** स्वास्थ्यको विशेष ख्याल गर्नुपर्ने हुन्छ, शरीरमा आलस्यता पैदा हुन सक्छ, अनावश्यक खर्चले मन पिरोलिन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लामो दूरीको यात्राको सम्भावना छ, भाग्यले साथ दिनेछ, रोकिएका कामहरू सुचारू हुने दिन रहेको छ, आफन्तसँग भेटघाट हुने दिन रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** स्वास्थ्यले त्यति राम्रो साथ दिएन, खानपानमा विशेष ध्यान दिनुपर्छ, नयाँ कामको थालनी नगरेकै राम्रो शत्रुहरू जुर्मुराउन सक्छन् ।